आज मिति २०८१/१०/२४ गते विहिबारका दिन महाङ्काल गाउँपालिकाकाको हिउदे गाउँसभाको १६औं अधिवेशन श्री गणेश बहादुर के.सी. ज्यूको अध्यक्षतामा बसेको गाउँसभाको उपस्थिती, प्रस्ताव तथा निर्णयहरुः

<u>उपस्थित</u>

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| श्री गणेश बहादुर के.सी. | अध्यक्ष | |
| श्री डोल्मा माया गोले | उपाध्यक्ष | |
| श्री राम प्रसाद घिमिरे | सदस्य | |
| श्री जोनी कुमार न्यासुर | सदस्य | |
| श्री मनोज कुमार पराजुली | सदस्य | |
| श्री कृष्ण प्रसाद तिमल्सिना | सदस्य | |
| श्री भुमिनन्द घिमिरे | सदस्य | |
| श्री विनोद चौरेल | सदस्य | |
| श्री लक्ष्मी संजेल | सदस्य | |
| श्री देवी माया लामा | सदस्य | |
| श्री मन्दिरा तिमल्सिना घिमिरे | सदस्य | |
| श्री रेनुका संजेल | सदस्य | |
| श्री गुप्त बहादुर ब्राहमु | सदस्य | |
| श्री चित्र कुमारी विश्वकर्मा | सदस्य | |
| श्री सन्तलाल लामा | सदस्य | |

| | | |
|---|---|---|
| श्री सन्तोष तिमल्सिना | सदस्य | |
| श्री गिता परियार | सदस्य | |
| श्री बेदनाथ तिमल्सिना | सदस्य | |
| श्री गेरमान लामा | सदस्य | |
| श्री मन कुमारी परिवार | सदस्य | |
| श्री चन्द्र वहादुर घलान | सदस्य | |
| श्री तिलक बहादुर सिंतान | सदस्य | |
| श्री चित्र राज वजगाई | सदस्य | |
| श्री मान कुमारी लोप्चन | सदस्य | |
| श्री जुनी नेपाली | सदस्य | |
| श्री सूर्य वहादुर थिङ | सदस्य | |
| श्री वम बहादुर गोले | सदस्य | |
| श्री मेलिनां बराम | सदस्य | |
| श्री एक माया विश्वकर्मा | सदस्य | |
| श्री राज कुमार घिमिरे | सदस्य | |
| श्री रत्न वहादुर स्याङ्तान | सदस्य | |
| श्री गुप्त बहादुर ब्राह्मु | सदस्य | |
| श्री चित्र कुमारी विश्वकर्मा | सदस्य | |
| श्री सन्दिप न्यौपाने | सदस्य सचिव | |

**प्रस्तावहरुः**

प्रस्ताव नं. १. गाउँ कार्यपालिकाको निर्णय अनुमोदन तथा पारित गर्ने सम्बन्धमा।

प्रस्ताव नं. २ सडक सरसफाइ बापतको खर्च रकम अनुमोदन सम्बन्धमा।

प्रस्ताव नं. ३. हाल सम्मको प्रगती तथा योजना संशोधन र पारित सम्बन्धमा।

प्रस्ताव नं. ४. धन्यवाद ज्ञापन गर्ने सम्बन्धमा।

**निर्णयहरुः**

निर्णय नं. १. प्रस्ताव नं. १ माथी छलफल गर्दा हालसम्म भएका सम्पूर्ण कार्यपालिकाको वैठकका निर्णयहरु अनुमोदन तथा पारितको गर्ने निर्णय सर्वसहमतले गरियो।

निर्णय नं. २. प्रस्ताव नं. २ माथी छलफल गर्दा मिति २०८१ साल आश्विन १० देखि १२ गते सम्म आएको अविरल वर्षा , बाढी र पहिरोको कारण गाउँपालिका भित्रका सम्पूर्ण सडकहरु अवरुद्ध भई संकटग्रस्त अवस्थामा गाउँपालिका रहेको कारण सरसफाईका लागि सोझै आदेश मार्फत सडक सरसफाइ गर्ने तपशीलका निर्माण सेवा लाई प्राविधिक मूल्याङ्कन अनुसारको रकम भुक्तनी गर्ने निर्णय सर्वसहमतले पारित गरियो।

<u>तपशील</u>

<u>निर्माण सेवाको नाम</u>

१. लानी दिने कन्सट्रक्स्न

२. मुनलाईट कन्स्ट्रक्सन

३. सक्षम निर्माण सेवा

४. शक्ति कन्स्ट्रक्सन

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथी छलफल गर्दा उपाध्यक्षले पेश गर्नु भएको हाल सम्मको प्रगती विवरण शीर्षकगत खर्च र तपशीलको योजना संशोधन तथा रकमान्तर सर्वसहमतले पास गरियो।

गणेश बहादुर के.सी.
अध्यक्ष

गाउँ सभाको १६ औं अधिवेशनका सभाअध्यक्ष ज्यू

१. नेपालको संविधानले राज्य शक्तीको प्रयोग संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहबाट हुने व्यवस्था संगै संविधानको धारा २३० ले गरेको व्यवस्था बमोजिम यस गरिमामय गाउँसभाको १६ औं अधिवेसनमा गाउँपालिकाको उपाध्यक्ष्यको हैसियतले आर्थिक वर्ष २०८१/८२ को अर्धवार्षिक प्रगती पेश गर्न उपस्थित भएको छु।

२. संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको लागि लामो संघर्ष र बलिदान गरी ज्यानको आहुति दिने सहिदहरु प्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्न चाहन्छु साथै यो उपलब्धि प्राप्तिको लागि अतुलनीय योगदान गर्नुहुने सम्पूर्ण नेपाली दिदी वहिनी दाजुभाईहरुलाई हार्दिक आभार प्रकट गर्न चाहन्छु।

३. मुलुकको दिगो र नव प्रवर्तनकारी विकास तथा दिगो शान्ति, सुशासन, विकास र समृद्धि स्थापनाको लागि स्थानीय तहले निर्वाह गर्दै आएको भूमिका महत्वपूर्ण रहेको छ। दिगो र नवपर्वनकारी विकास शान्ति सुशासन र समृद्धिको मार्ग पहिल्याउनको लागि महाङ्काल गाउँपालिका हर सम्भव प्रयन्तशील रहदै आएको छ।

५. आगामी दिनमा बजेट कार्यान्वयनमा देखा परेका चुनौतीहरुको सामना गर्दै सम्पूर्ण महाङ्काल वासी दिदीबहिनी तथा दाजुभाईलाई विकास समृद्धि सुशासनमा हातेमालो गर्दै सँगसँगै हुनुहुनेछ भन्ने अपेक्षा गरेको छु।

६. मिति २०८१ साल आश्विन १० देखि १२ सम्म आएको अविरल वर्षा र बाढीको कारण यस गाउँपालिको अधिकाँस क्षेत्र प्रभावित भएको छ वडा नं. १ मा बोल्दे खोलाले, वडा नं. ३ गोटिखेलमा धामीखोला, टुङ्गुन खोला र मूल खोलाले र मानिखेलमा ठोस्ने खोलाले ठूलो क्षती पुर्याएको थियो। यस विपदको स्थीतीबाट निकासा पाउनको लागि यस पालिकाले हरदम प्रयास गरिरहेको छ भने स्तीथी सामन्य बनाउन पून:निर्माण र पुर्नवासको योजना समेत कार्यन्वयनको क्रममा रहेको छ।

७. यस समयमा बाढी तथा पहिरोमा परि ज्यान गुमाउनुहुने सम्पूर्ण वडा नं. १ बुखेल बाट १ जना र वडा नं. २ मानिखेलबाट ८ जना र वडा नं. ३ गोटिखेलबाट ४ जना गरि १३ जनाले ज्यान गुमाउनु परेको थियो सो विपत्तीबाट सम्बन्धित परिवारलाई आर्थीक तथा भौतिक सहयोग मार्फत सामान्य स्थीतीमा ल्याउने कार्यलाई प्राथमिकताकासाथ अगाडी बढाइरहिएको छ।
८. विपत्तिबाट सामाना गर्नु पर्ने तथा मानसिक तनाव तथा परिवारिक विछोडको कारण पर्ने तनाव व्यवस्थापनको लागि मनोपरामर्श केन्द्रहरु स्थापना गरिएको थियो विपत्तिको समयमा महिला, तथा

गणेश बहादुर के.सी.
अध्यक्ष

गाउँपालिकाको
...जेल, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

अपाङ्ग प्रति हुने भेदभाव र समस्यालाई मध्येनजर गर्दै विभिन्न संघ सस्थाको सहयोगमा कार्यक्रमहरु सञ्चालन गरि समस्या निराकरणका हरदम प्रयासहरु गरिएको छ।

गाउँ सभाका सभाध्यक्ष ज्यू,

अब म यस गाउँपालिकाको १६ औं गाउँसभा वाट पारित नीति तथा कार्यक्रम र बजेटको अर्ध बार्षिक समिक्षा गर्न गइरहेको छु। जस अन्तर्गत

**आय तर्फ;**

चालु आ.व. को यस अवधी सम्म प्राप्त भएको संक्षिप्त विवरण पेश गर्दछु।

**क.** नेपाल सरकार समानिकरण अनुदानमा अनुमानित आय रु. ७ करोड ३ लाख भएकोमा यस अवधी सम्म २ करोड ४५ लाख ४१ हजार ६ सय २ मात्र प्राप्त भएको छ।।

**ख.** नेपाल सरकार सर्शत अनुदान चालुमा अनुमानित आय रु. १५ करोड ९८ लाख ९८ हजार भएकोमा यस अवधी सम्म ७ करोड ७१ लाख ४९ हजार प्राप्त भएको छ।

**ग.** नेपाल सरकार सशर्त अनुदान पुँजीगतमा अनुमानित आय रु. ४ करोड १९ लाख भएकोमा यस अवधी सम्म रु. ३ करोड ८६ लाख प्राप्त भएको छ।

**घ.** नेपाल सरकार विशेष अनुदान पुँजीगतमा अनुमानित आय रु. १ करोड २५ लाख भएकोमा प्राप्त हुन बाँकी रहेको छ।

**ङ.** बागमती प्रदेश सरकार समानिकरण अनुदान नगद अनुदान ५४ लाख ७२ हजार अनुमान गरिएकोमा २७ लाख ३६ हजार प्राप्त भएको छ।

**च.** बागमती प्रदेश सर्शत अनुदान चालुमा अनुमानित रकम रु. ३ करोड ६० लाख ९७ हजार गरियकोमा हाल सम्म १ करोड ८० लाख ४८ हजार ५ सय मात्र प्राप्त भएको छ।

**छ.** बागमती प्रदेश सर्शत अनुदान पूँजीगत अनुमानित आय १ करोड ३० लाख गरिएकोमा ६५ लाख मात्र प्राप्त भएको छ।

**ज.** बागमती प्रदेश विशेष अनुदान पूँजिगत अनुमानित आय ७० लाख अनुमान गरिएकोमा १७ लाख ५० हजार मात्र प्राप्त भएको छ।

गणेश बहादुर के.सी.
अध्यक्ष

गोदावरी, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

झ. बागमती प्रदेश समपुरक अनुदान पूंजीगत अनुमानित आय १ करोड गरिएकोमा २५ मात्र प्राप्त भएको छ।

ञ. संघीय सरकार राजश्व बाँडफाडवाट अनुमानित आय रु. ५ करोड ७१ लाख गरियकोमा हाल सम्म २ करोड २६ लाख २६ हजार ७ सय १९ प्राप्त भएको छ।

ट. प्रदेश सरकार राजश्व बाँडफाडवाट अनुमानित आय रु. २ करोड २ लाख ४८ हजार ३ सय ५० गरियकोमा हाल सम्म ६७ लाख ६१ हजार २ सय,४४ प्राप्त भएको छ।

ठ. आन्तरिक श्रोत तर्फ अनुमानित रु. ४ करोड ६५ लाख ४६ हजार ९ यस ३३ गरियकोमा हाल सम्म १७ लाख ८६ हजार ८ सय ४९ मात्र प्राप्त भएको छ।

ड. समग्रमा यस आ.व.मा कुल अनुमानित आय रू. ४७ करोड ९७ लाख ६२ हजार २ सय ८३ मध्ये यस अवधी सम्म रू. २० करोड २९ लाख ९९ हजार ९ सय १५ प्राप्त भएको छ. जुन अनुमानित बजेटको ४२.३२% हुन आउदछ।

व्याय तर्फ;

चालु आ.व. को यस अवधी सम्म खर्च भएको संक्षिप्त विवरण पेश गर्दछु।

चालु खर्चको विवरण

क. चालुगत तर्फ ३१ करोड ५६ लाख ८२ हजार ७ सय ४६ विनियोजन गरिएकोमा यस अवधी सम्म ९ करोड ६९ लाख ४१ हजार ५ सय ९७ खर्च भएको छ जुन विनियोजित बजेटको ३०.७१% हुन आउँदछ ।

पूँजीगत खर्चको विवरण

क. पूँजीगत तर्फ १६ करोड ४० लाख ७९ हजार ५ सय ३७ विनियोजन गरिएकोमा यस अवधी सम्म ४ करोड ८० लाख ४७ हजार १ सय ६४ खर्च भएको छ जुन विनियोजित बजेटको २९.२८% हुन आउदछ ।

यसै गरि क्षेत्रगत रुपमा समेत खर्च विवरण पेश गर्न चाहान्छु।

१. आर्थीक विकाश तर्फ ५ करोड ८२ लाख ९५ हजार विनियोजन भएकोमा ४ लाख २९ हजार

गणेश बहादुर क्षेत्री
अध्यक्ष

गाउँपालिकाको
गोदावरी, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

२० रुपैया मात्र खर्च भएको छ जुन विनियोजित बजेटको ०.७४% हुन आउदछ ।

२. सामाजिक विकाश तर्फ १८ करोड १९ लाख २ हजार विनियोजन भएकोमा ९ करोड १२ लाख १ सय २४ खर्च भएको छ जुन विनियोजित बजेटको ५०.१८ % हुन आउदछ।

३. पूर्वाधार विकाश तर्फ ४ करोड ८९ लाख विनियोजन भएकोमा हाल सम्म कुनै पनि खर्च हुन सकेको छैन।

४. सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्र तर्फ २ करोड ३७ लाख ४८ हजार विनियोजन भएकोमा ३ लाख ९९ हजार ८ सय ४१ खर्च भएको छ जुन विनियोजित बजेटको १.६८% हुन आउदछ ।

५. कार्यलय सञ्चालन तथा प्रशासनीक तर्फ १६ करोड ७९ लाख १७ हजार २ सय ८३ विनियोजन भएकोमा ५ करोड २८ लाख ८७ हजार ७ सय ७७ खर्च भएको छ जुन विनियोजित बजेटको ३१.६९% हुन आउदछ।

समग्रमा यस आ.व.मा कुल विनियोजित बजेट रू. ४७ करोड ९७ लाख ६२ हजार २ सय ८३ मध्ये यस अवधी सम्म रू. १४ करोड ४९ लाख ८८ हजार ७ सय ६२ खर्च भएको छ, जुन विनियोजित बजेटको ३०.२२% हुन आउदछ।

गाउँ सभाका सभाध्यक्ष ज्यू,

यस आ.व. २०८१/८२ को १५ औं विशेष गाउँ सभाबाट रु.४ करोड ५८ लाख ९० हजार रकमान्तर गरिसकिएको व्यहोरा जानकारी गराउँदछु र यसै आ.ब.को १४ औं र १५ औं गाउँसभाबाट पारित बजेट तथा कार्यक्रमहरुमा थप तपशील वमोजिसको संशोधनको प्रस्ताव गर्दछु।

१. हेवी सवारी साधन स्काभेटर १, मिनि टिफिर १, रोलर १ र टयाङ्कर १ थान खरिद गर्नको लागि वजेट रकम रु. २ करोड २५ लाख विनियोजन भएकोमा रु. १० लाख दुई पाङ्ग्रे सवारी साधन खरिदको लागि विनियोजन गरेको छु।

२. हेवी सवारी साधन स्काभेटर १, मिनि टिफिर १, रोलर १ र टयाङ्कर १ थान खरिद गर्नको लागि बजेट रकम रु. २ कोरड २५ लाख विनियोजन भएकोमा रु. १० लाख साझेदारीमा सञ्चालित कार्यक्रमको लागि विनियोजन गरेको छु

आ.ब. २०८१।८२ को वर्षे गाउँसभाबाट पारित भएका केही योजनाहरु वडा कार्यालयबाट शंसोधन

गणेश बहादुर के.सी.
अध्यक्ष

नगर सभा ... कार्यपालिकाको कार्यालय ... बागमती प्रदेश ... २०७३

माग भई आए बमोजिम तपशील बमोजिम कार्यक्रम शंसोधन गर्न प्रस्ताव गरेको छु।

तपशील

संशोधन र रकमान्तर

योजना संशोधन सम्बन्धमा छलफल गर्दा आ.व. २०८१/८२ को बार्षीक बजेट अन्तर्गत समावेश भएका विभिन्न योजनाहरु तपशील बमोजिम संशोधन भई कायम हुने भनी कार्यपालिकाको मिति २०८१ साल माघ २२ गतेको निर्णय बमोजिम सिफारिस भई आएको हुँदा सशोधनको लागि पेश गर्दछु।

वडा नं. १ को योजना संशोधन

| क्र.स. | संशोधन हुने योजनाको नाम | रकम रु. | सशोधन भई कायम हुने योजनाको नाम | रकम जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | महाङ्काल १ वडा भरी मोटरबाटो निर्माण | १२००००० | साविक बुखेल गा.वि.स. ७, ८ र ९ भरी मोटरबाटो मर्मत | १०००००० | रु. २ लाख वडाको आवश्यक ठाउँमा मोटरबाटो निर्माणमा रकमान्तर गरिएको |
| २ | वडाको आवश्यक ठाउँमा मोटरबाटो निर्माण | ४००००० | सा.वि. बुखेल गा.वि.स. वडा नं. १,२,३, ४, ५, र ६ मोटरबाटो मर्मत | ६००००० | |
| ३ | वडा भरी खाने पानी व्यवस्थापन | ७००००० | वालमुकुन्द आ.वि.को घेरावार निर्माण | ३००००० | |
| ४ | | | बिक्रम महर्जनको घर नजिकको खोल्सा नजिक मोटरबाटो स्ल्याप ढलान | ४००००० | |

गणेश बहादुर केसी
अध्यक्ष

वडा नं. २ को योजना संशोधन।

...गाउँपालिका
गोटीखेल, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

| क्र.स. | संशोधन हुने योजनाको नाम | रकम रु. | सशोधन भई कायम हुने योजनाको नाम | रकम जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | बोल्दे श्वत बाराइ मन्दिर परिसरमा ट्रस निर्माण | १००००० | बोल्दे श्वत बाराइ मन्दिर मर्मत | १००००० | |

वडा नं. ३ को योजना सशोधन गर्नु नपर्ने।

**वडा नं. ४ को योजना संशोधन ।**

| क्र.स. | संशोधन हुने योजनाको नाम | रकम रु. | सशोधन भई कायम हुने योजनाको नाम | रकम जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | कुम्भ चौर र नासपाति खाएल मोटरबाटो निर्माण | २००००० | छेपारीडाँडा बतासे ससिपा मोटरबाटो स्तरउन्नती | १८५००००/- (अक्षरुपी अठार लाख पचास हजार मात्र।) | |
| २ | तरकारी संकलन केन्द्र स्थापना (चौतारीडाँडा गोपे नकन्डोल) | ३००००० | | | |
| ३ | मठ मन्दिर संरक्षण (कालीदेवी खानीडाँडा कालीदेवी मन्दिर चौतारीडाँडा वाघभैरव मन्दिर नकण्डोल २/२ लाखका दरले | ६००००० | | | |
| ४ | पशुबीमा कार्याक्रम | ३००००० | | | |
| ५ | युवा खेलकुद बिकास कार्याक्रम | १५०००० | | | |
| ६ | बीउ तथा विरुवा खरिद कार्यक्रम | ३००००० | | | |

गणेश बहादुर के.सी.
अध्यक्ष

वडा नं. ५ को योजना संशोधन गर्नु नपर्ने

वडा नं. ६ को योजना संशोधन

| क्र.स. | संशोधन हुने योजनाको नाम | रकम रु. | सशोधन भई कायम हुने योजनाको नाम | रकम जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री ५ महेन्द्र मा.वि. का लागि अनुदान | ३००००० | श्री ५ महेन्द्र मा.वि. भवन मर्मत तथा परिसर घेरावार | ८००००० | |
| २ | महेन्द्र मा.वि. भवन पलास्टर | ५००००० | | | |

सभाका सभाध्यक्षज्यू,

अन्तमा १६ औं गाउँ सभाबाट पारित नीति बजेट तथा कार्यक्रमहरु कार्यन्वयन गर्न मार्गदर्शन गर्नुहुने गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरु, सम्पूर्ण जनप्रतिनिधीज्यूहरु, शाखा प्रमुखज्यूहरु तथा समस्त राष्ट्रसेवक कर्मचारीज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु। साथै बजेट कार्यन्वयनको क्रममा प्राप्त सुझावहरुको लागि सम्पूर्ण महाङ्काल बासी, आम नागरिक, राजनीतिक दल, निजि क्षेत्र, सञ्चार जगत, लगायत संलग्न सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु। पालिकाको आन्तरिक श्रोत परिचालनमा महत्वपूर्ण योगदान गर्नुहुने आम करदाता, दिदि वहिनी तथा दाजूभाईहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

डोल्मा माय गोले
उपाध्यक्ष

उपाध्यक्षज्यूले पेश गरेको बजेट प्रतिवेदन तथा योजना संशोधन कार्यक्रमहरु निर्णयार्थ सम्बन्धमा।

१. हाल सम्म भएका गाउँ कार्यपालिकाको निर्णयहरु पारितको लागि सभा समक्ष पेश गर्दछु।

पक्षमा हुने सभासतज्यूहरुले हुन्छ भन्नुहोला र विपक्षमा हुनुहुने सभासदज्यूहरुले हुन्न भन्नुहोला।

पक्षमा हुन्छ भन्ने आवाज सुनियो।

विपक्षमा हुन्न भन्ने आवाज सुनिएन।

तसर्थ उक्त प्रस्ताव सर्वसहमतले पारित भएको घोषणा गर्दछु।

२. उपाध्यक्षज्यूले पेश गर्नुभएको अर्धवार्षिक प्रगती (पौष मसान्त सम्म) तथा समिक्षा प्रतिवेदन पारितको लागि सभा समक्ष पेश गर्दछु।

पक्षमा हुने सभासतज्यूहरुले हुन्छ भन्नुहोला र विपक्षमा हुनुहुने सभासदज्यूहरुले हुन्न भन्नुहोला।

पक्षमा हुन्छ भन्ने आवाज सुनियो।

विपक्षमा हुन्न भन्ने आवाज सुनिएन।

तसर्थ उक्त प्रस्ताव सर्वसहमतले पारित भएको घोषणा गर्दछु।

३. हेवी सवारी साधन स्काभेटर १, मिनि टिफिर १, रोलर १ र टयाङ्कर १ थान खरिद गर्नको लागि बजेट रकम रु. २ कोरड २५ लाख विनियोजन भएकोमा रु. १० लाख दुई पाङ्ग्रे सवारी साधन खरिदको निर्णय पारितको पेश गर्दछु,

पक्षमा हुने सभासतज्यूहरुले हुन्छ भन्नुहोला र विपक्षमा हुनुहुने सांसदज्यूहरुले हुन्न भन्नुहोला।

पक्षमा हुन्छ भन्ने आवाज सुनियो।

विपक्षमा हुन्न भन्ने आवाज सुनिएन।

तसर्थ उक्त प्रस्ताव सर्वसहमतले पारित भएको घोषणा गर्दछु।

४. हेवी सवारी साधन स्काभेटर १, मिनि टिफिर १, रोलर १ र टयाङ्कर १ थान खरिद गर्नको लागि बजेट रकम रु. २ कोरड २५ लाख विनियोजन भएकोमा खर्च भई बाँकी रहको रकमबाट रु. १० लाख साझेदारीमा सञ्चालित कार्यक्रमको लागि विनियोजन गरेको रकम पारितको लागि पेश गर्दछु,

पक्षमा हुने सभासतज्यूहरुले हुन्छ भन्नुहोला र विपक्षमा हुनुहुने सांसदज्यूहरुले हुन्न भन्नुहोला।

पक्षमा हुन्छ भन्ने आवाज सुनियो।

गणेश बहादुर [illegible]
अध्यक्ष

विपक्षमा हुन्न भन्ने आवाज सुनिएन।
तसर्थ उक्त प्रस्ताव सर्वसहमतले पारित भएको घोषणा गर्दछु।

५. योजना संशोधनको लागि पेश भई आएको बिभिन्न वडाहरुको योजना संशोधनको निर्णय पारितको लागि पेश गर्दछु.

पक्षमा हुने सभासतज्यूहरुले हुंन्छ भन्नुहोला र विपक्षमा हुनुहुने सभासदज्यूहरुले हुन्न भन्नुहोला।

पक्षमा हुन्छ भन्ने आवाज सुनियो।

विपक्षमा हुन्न भन्ने आवाज सुनिएन।

तसर्थ उक्त प्रस्ताव सर्वसहमतले पारित भएको घोषणा गर्दछु।

**निर्णय नं. ४** प्रस्ताव नं. ४ माथी छलफल गर्दा यस गाउँपालिकाको हिउँदे गाउँसभाको उदघाटन समारोहमा उपस्थित हुनुभएका प्रमुख अतिथी नेपाल सरकारका कृषि तथा पशुपंक्षी विकास मन्त्री माननीय रामनाथ अधिकारीज्यू, विशिष्ट अतिथी संघीय सासंद माननीय श्री उदय शमशेर राणाज्यू, विशिष्ट अतिथी संघीय सांसद माननीय देव प्रसाद तिमल्सिनाज्यू, विशेष अतिथी बागमती प्रदेश सांसद माननीय मधुसुदन पौडेलज्यू, विशेष अतिथी बागमती प्रदेश सांसद माननीय उर्मीला लामाज्यू, जिल्ला समन्वय प्रमुख श्री ऋषिदेव फुँयालज्यू, लगायतका विशेष अतिथी तथा अतिथीज्यूहरु यस गाउँ सभाको १६ औं अधिवेशन सफलता पूर्वक समपन्न गर्न उपस्तिथ हुनुभएका निर्वतमान जनप्रतिनिधीज्यूहरु, कर्मचारी, महात्वपूर्ण सल्लाह र सुझाव प्रदान गर्नुहुने राजनैतिक दलका प्रतिनिधीज्यूहरु, समाजसेवी भद्रभलादमी लगायत सम्पूर्ण महाङ्काल बासी दाजुभाई दिदि बहिनिहरुमा धन्यवाद ज्ञापन गर्ने निर्णय सर्वसहमतले गरियो।

सम्पूर्ण गाउँ सभा सदस्यज्यूहरु २०८१/८२ को हिउँदे गाउँसभाको १६औं अधिवेशन यहि समापन भएको घोषणा गर्दछु।

गणेश बहादुर के.सी.
अध्यक्ष